# आ. व. २०८२/०८३ मा स्वास्थ्य निर्देशनालयबाट संचालन हुने क्रियाकलापहरुको संचालन हुने मार्गदर्शन

## (छुट भएको क्रियाकलापहरु)

१. प्रादेशिक अस्पतालको लागि Reagent र X-Ray Film खरिद

| | |
|---|---|
| परिचय | प्रादेशिक अस्पतालको लागि Reagent र X-Ray Film खरिद ब्यवस्थापन गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | ल्याब केमिकल, रिएजेन्ट र कन्जुमेबल्स, एक्सरे फिल्मस लगायतको सामानहरु खरिद गर्ने । |
| अपेक्षित प्रतिफल | ल्याब केमिकल, रिएजेन्ट र कन्जुमेबल्स, एक्सरे फिल्मस, लगायतको सामानहरु खरिद तथा आपुर्ति भई स्वास्थ्य सेवा संचालन भई सहज हुने छ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य निर्देशनालय सपही, धनुषा |
| सञ्चालन प्रकृया | • ल्याब केमिकल, रिएजेन्ट र कन्जुमेबल्स, एक्सरे फिल्मस लगायतको सामानहरु सार्बजनिक खरिद ऐन, २०६३ र सार्बजनिक खरिद नियमाबली, २०६४ बमोजिम हुने छ ।<br>• वार्षिक कार्यक्रम भित्र रही लक्ष्यको आधारमा तयार भई स्वीकृत भएको वार्षिक खरिद योजना अनुसार खरिद ईकाईको बैठकको निर्णय र सम्बन्धित विषय विज्ञबाट तयार भई स्वीकृत भएको स्फेशिकेशन बमोजिम मालसामान खरिदको कार्यक्रम विनियोजित बजेटको परिधिमा रही लागत अनुमान निर्देशकबाट स्वीकृत गराउनु पर्दछ। सार्वजनिक खरिद ऐन, २०६३ तथा ऐ. नियमावली, २०६४ अनुसार उपयुक्त खरिद विधि छनौट गरी सोही ऐन, नियम बमोजिम बजेटको अधिनमा रही कार्यक्रम संचालन गर्नुपर्छ।<br>• खरिद पश्चात स्पेशीफिकेसन अनुसारको भएको/नभएको सुनिश्चित गरि सामान आपुर्ति गर्नु पर्ने छ । |
| बजेट बाँडफाट | स्वीकृत कार्ययोजना अनुसार बिनियोजित बजेटको परिधिभित्र रहेर आबश्यक्ता तथा उपलब्धता अनुसार बजेट बांडफाड गर्ने |
| सन्दर्भ सामाग्री | सार्बजनिक खरिद ऐन, २०६३ र सार्बजनिक खरिद नियमाबली, २०६४ |

२. अस्पतालहरुमा STP जडान

| | |
|---|---|
| परिचय | प्रदेश भित्रका अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा STP(Sewage Treatment Plant) जडान तथा स्थापना कार्यक्रम |
| उद्देश्य | अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा Sewage व्यवस्थापन गर्ने। |
| अपेक्षित प्रतिफल | STP (Sewage Treatment Plant) को खरिद तथा आपूर्ति नियमित हुनेछ। |
| कार्यान्वयन निकाय /कार्यालय | स्वास्थ्य निर्देशनालय सपही, धनुषा |
| संचालन प्रक्रिया | प्रदेश भित्रका अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा मांग बमोजिम जडान गर्नुपर्ने छ । यसका लागि आवशयक पर्ने STP को Specification तयार गर्न विज्ञ छनोट गरि तयार परिने सक्ने छ। STP(Sewage Treatment Plant) जडान तथा स्थापना गरेको अनुभव भएका आपूर्तिकर्ताकाई प्राथमिकता दिनु पर्नेछ । |
| बजेट बाँडफाड | यो कार्य सम्पन्न गर्नका लागि विनियोजित बजेटबाट आवश्यकता अनुसार प्रदेश भित्रका अस्पताल तथा स्वास्थ्य संस्थाहरुको छनोट गरि STP(Sewage Treatment Plant) सामाग्री को खरिद तथा स्थापना गर्नु पर्ने छ। |
| सन्दर्भ सामाग्री | प्रदेश खर्च मापदण्ड संचालन निर्देशिका ,२०७७<br>सार्वजानिक खरिद ऐन ,२०६३ एवं नियमावली ,२०६४ |

३. आधुनिक Magnetic thermal Decomposer मेशिन स्थापना

| | |
|---|---|
| परिचयः | चुम्बकीय थर्मल डिकम्पोजर (Magnetic Thermal Decomposer)<br>(यसलाई Magnetic Thermal Decomposition Furnace वा Super Waste Processor पनि भनिन्छ)<br>यो एक उन्नत, कम-तापक्रममा काम गर्ने, वातावरणमैत्री फोहोर व्यवस्थापन प्रविधि हो, जसले जैविक फोहोरलाई अकार्बनिक सिरेमिक खरानीमा रूपान्तरण गर्छ। परम्परागत उच्च-तापक्रमको दहन (incineration) भन्दा फरक, यो विधि कम तापक्रममा (सामान्यतया ४०—३८०°C, केही रिपोर्टमा ६००—८००°C) चुम्बकीय ऊर्जा प्रयोग गरेर फोहोरलाई विघटन गर्छ। यस प्रक्रियाबाट फोहोरको मूल आयतन १/२०० देखि १/४०० सम्म घट्छ।<br>मुख्य प्रविधि र प्रक्रिया (Core Technology and Process) |

| | |
|---|---|
| | सञ्चालन सिद्धान्तः यस उपकरणले "चुम्बकीय चलनी (magnetic sieve)" वा चुम्बकीय क्षेत्र प्रयोग गरी अक्सिजन-आधारित कार्बन पाइरोलाइसिस प्रक्रिया मार्फत जैविक पदार्थलाई विघटन गर्छ, जुन परम्परागत दहन प्रक्रियाभन्दा फरक हुन्छ। |
| उदेश्यः | वातावरणमैत्री फोहोर व्यवस्थापन प्रविधि संचालन गर्ने । |
| अपेक्षित प्रतिफलः | वातावरणमैत्री फोहोर व्यवस्थापन गर्नेछ । |
| कार्यन्वयन गर्ने कार्यालयः | स्वास्थ्य निर्देशनालय, सपही - धनुषा । |
| संचालन प्रकृयाः | वार्षिक कार्यक्रम भित्र रही त्रैमासिक लक्ष्यको आधारमा तयार भई स्वीकृत भएको वार्षिक खरिद योजना अनुसार खरिद ईकाईको बैठकको निर्णय बमोजिम मालसामान खरिदको कार्यक्रम विनियोजित बजेटको परिधिमा रही लागत अनुमान निर्देशकबाट स्वीकृत गराउनु पर्दछ। तत् पश्चात सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार उपयुक्त खरिद विधि छनौट गरी सोही ऐन, नियम बमोजिम बजेटको अधिनमा रही कार्यक्रम संचालन गर्नुपर्छ। |
| बजेट बांडफाटः | विनियोजित बजेटको परिधि भित्र रही सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ अनुसार गर्नुपर्दछ । |
| सन्दर्भ सामग्रीः | कार्यक्रम संग सम्बन्धित सन्दर्भ सामाग्रीहरु। |

४. Lab को लागि Reagent खरिद

| | |
|---|---|
| परिचयः | गुणस्तरीय प्रयोगशाला सेवा संचालन गरी प्रदेशका जनतालाई निदान्तमक सेवा प्रदान गरी पहिचान गर्न । |
| उदेश्यः | प्रयोगशालाको सेवा सर्वसुलभ प्रदान गर्न । |
| अपेक्षित प्रतिफलः | गुणस्तरीय प्रयोगशाला सेवा प्रदान गर्नेछ । |
| कार्यन्वयन गर्ने कार्यालयः | स्वास्थ्य निर्देशनालय, सपही - धनुषा । |

| | |
|---|---|
| संचालन प्रकृयाः | वार्षिक कार्यक्रम भित्र रही त्रैमासिक लक्ष्यको आधारमा तयार भई स्वीकृत भएको वार्षिक खरिद योजना अनुसार खरिद ईकाईको बैठकको निर्णय बमोजिम मालसामान खरिदको कार्यक्रम विनियोजित बजेटको परिधिमा रही लागत अनुमान निर्देशकबाट स्वीकृत गराउनु पर्दछ। तत् पश्चात सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार उपयुक्त खरिद विधि छनौट गरी सोही ऐन, नियम बमोजिम बजेटको अधिनमा रही कार्यक्रम संचालन गर्नुपर्छ। |
| बजेट बांडफाटः | विनियोजित बजेटको परिधि भित्र रही सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ अनुसार  गर्नुपर्दछ । |
| सन्दर्भ सामग्रीः | कार्यक्रम संग सम्बन्धित सन्दर्भ सामाग्रीहरु। |

५. नसर्ने तथा मानसिक रोगको लागि औषधी खरिद

| | |
|---|---|
| परिचय | नेपालको संविधानले सबै नागरिकले सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्ने अधिकार सुनिश्चितता गरेको छ र नागरिकको आधारभुत अधिकारको रुपमा प्रत्याभुत गरेको छ । तसर्थ नर्सने तथा मानसिक रोग सम्बन्धी औषधी खरिद ब्यबस्थापन गर्न यस शिषर्कमा बजेट बिनियोजन गरिएको छ । |
| उद्देश्य | नसर्ने तथा मानसिक रोगको उपचार गर्न गुणस्तरिय औषधी खरिद तथा बितरण गरि स्वास्थ्य सेवा प्रदान गर्ने |
| अपेक्षित प्रतिफल | सरकारले नसर्ने तथा मानसिक रोगको लागि तोकेको औषधी समयमा आपुर्ति भई सर्बसाधारणलाई प्रत्यक्ष लाभ हुने छ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य निर्देशनालय, सपही - धनुषा । |
| सञ्चालन प्रकृया | • नसर्ने तथा मानसिक रोग सम्बन्धी औषधीको अनुमानित परिमाण अघिल्लो बर्षको खपत प्रदेश मातहतका अस्पताल तथा स्वास्थय कार्यालयहरु संग समन्वय गरि बिरामी तथा बिरामीहरुको दर समेतलाई आंकलन गरि आबश्यक्ता पहिचान गरि खरिद सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमाबली २०६४ बमोजिम हुने छ ।<br>• नसर्ने तथा मानसिक रोग समन्धी औषधिहरु नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको वर्गिकरण सुचि अनुसार औषधि प्रदेश अन्तर्गतका अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने हुदाँ सोही अनुसार खरिद गरी वितरण गर्ने व्यवस्था मिलाउनु पर्ने छ । |

| | |
|---|---|
| | • खरिद गर्ने औषधीको स्पेशीफिकेसनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा बिभाग, ब्यबस्थापन महाशाखाको Technical Specification bank वा प्राबिधिकको सहायता लिन सकिने छ ।<br>• औषधी खरिद गर्दा GMP Certified तथा औषधी ब्यबस्था बिभागबाट अनुमति प्राप्त कम्पनी हुनु पर्नेछ । |
| बजेट बाँडफाट | स्वीकृत कार्ययोजना अनुसार बिनियोजित बजेटको परिधिभित्र रहेर आबश्यक्ता तथा उपलब्धता अनुसार बजेट बांडफाड गर्ने |
| सन्दर्भ सामाग्री | सार्बजनिक खरिद एन २०६३ र सार्बजनिक खरिद नियमाबली २०६४ |